आज मिति २०७४।०९।१८गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, २ | सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, ३ | सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, ४ | सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, ५ | सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, ६ | सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, ७ | सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, ८ | सदस्य |
| श्री महावीर वली | ,, ,, ,, ९ | सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

निर्णयः-

नं.१. यस गाउपालिकाको भारत संग सिमा जोडिएको १ नं. वडा रहेकोले सीमा क्षेत्रका वस्तिहरुको विकासका लागी सीमा क्षेत्र विकास कार्यक्रमबाट शसर्त अनुदाको रुपमा रु. ३६५४०००। बजेट प्राप्त भएकोले प्राप्त बजेट निम्न बमोजिमको कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

**पूजिगत खर्च**

| | |
|---|---|
| क. शार्वजनिक निर्माण सडक कालो पत्रे | रु.२७१४०००। |

**चालु खर्च**

| | |
|---|---|
| क. सव- इन्जिनियरको तलब | रु. ३२५०००। |
| खं मशलन्द | रु. ४००००। |
| ग. अनुगमन खर्च | रु. ४००००। |
| घ. विविध | रु. ४००००। |
| ङ. सिप विकास कार्यक्रम | रु. ४९५०००। |

माथि उल्लेखित बजेटको बाँडफाँट अख्तियारी पत्रमा नै उल्लेख भई आएकोले पूजीगत खर्च अन्तरगत सडक कालो पत्रेको लागी निकासा भएको रु.२७१४०००। वडा नं. १ को भवानीयापुर झोलुङ्गे पुलको दक्षिण साइडबाट शुरु गरी बजेटले पुग्ने सम्म्को दुरीमा सडक कालो पत्रे गर्ने र सिप विकास कार्यक्रमको लागी त्यस क्षेत्रका समुदायको मागको आधारमा कार्यक्रम ~~उपभोक्ता~~ मार्फत संचालन गर्ने र अन्य तोकिएबमोजिमको शिर्षकमा खर्च गर्ने ।

नं. २. हाल गाउपालिकाको बसेको भवनमा भएका ४२ कोठा मध्ये १४ कोठा अमानतबाट मर्मत गरि कार्यालयले प्रयोग गरि रहेको र बाँकी रहेका कोठाहरु पनी मर्मत गर्नु पर्ने भएकोले विनियोजित रकमले पुग्न सक्ने कोठाहरुको ल.ई. गरि उपभोक्ता समिति मार्फत मर्मत गर्ने निर्णय गरियो ।

नं. ३. चालु आ.व.का योजनाहरु धैरै भई योजनाहरुको ल.ई. गर्ने अनुगमन गर्ने, विल बनाउने आदि कामको लागी प्राविधिक जनशक्ति कमी भएकोले काम काजमा ढिलाई भईरहेको, मौज्दात प्राविधिक जनशक्तिबाट काम लगाउदा चालु आ.व.को योजनाहरु कार्यान्वय गर्न सक्ने स्थिति नभएको र छिटो छरितो काम गरि समयमै कार्य सम्पन्न गर्नको लागी थप प्राविधिक जनशक्तिको आवश्यकता पर्ने भएकोले कन्टिजेन्सीबाट सेव सुविधा दिने गरि २ जना सव-इन्जिनियर २०७५ असार मसान्त सम्मको लागी मात्र सेवा करारमा लिने निर्णय गरियो ।

नं.३. यस गाउपालिकाको स्वास्थ्य तर्फको घुम्ती अ.न.मि. १, आई. टि. अफिसर १ को सेवा करारमा लिन सम्वन्धित निकायबाट बजेट निकासा भई आएकोले उक्त पदहरुको सेवा करारमा लिनु पर्ने र योजनाहरु संचालनको लागी प्राविधिक जनशक्ति कमी भई काममा बाधा परिरहेकोले कन्टीजेन्सीबाट सेवा सुविधा पाउने गरी २ वटा सव-इन्जिनियर को सेवा करारमा लिई काम काजमा लगाउनु पर्ने भएकोले सो पदहरु पूर्ति गर्नको लागी निम्न बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क) प्रमुख प्रशासकिय अधिकृत श्री भरत कुमार मल्ल | संयोजक |
| ख) ९ नं. वडा अध्यक्ष श्री महावीर वली | सदस्य |
| ग) विषयगत शाखाको शाखा प्रमुख वा विषय विज्ञ | सदस्य |

नोटः- समितिमा रहने विषयगत शाखा प्रमुख नरहेको वा अन्य कुनै विषय विज्ञको रुपमा समितिमा राख्नु पर्दा संयोजक र समितिका सदस्य महावीर वलीको सहमतिमा आमन्त्रण गर्ने । समितिको कार्यविधि समितिले नै तय गरे बमोजिमको हुने छ र समितिमा रहि काम काज गरे बाफत समितिका संयोजक तथा सदस्यहरुले लोक सेवा आयोगले निर्धारण

गरे बमोजिमको सुविधा पाउने छन् । विज्ञको रुपमा बाहिरबाट बोलाउनु पर्ने अवस्था भएमा आते जाते दैनिक भ्रमण भत्ता समेत उपलब्ध गराउने ।

नं. ४. शसस्त्र प्रहरीवलको सुरक्षा क्याम्प यस गाउपालिकाको कुसुममा स्थापना भएको, सो सुरक्षाबलले प्रयोग गर्ने भान्सा घरको टिनको पाता ज्यादै जिर्ण भई सित चुहिने भएकोले सो भान्सा घरको टिनको पाता फेरिदिनको लागी शसस्त्र प्रहरी बल बाट माग भई आएकोले ल.ई. गरी आवश्यक पर्ने कर्कटपाता भवन मर्मत शिर्षकमा विनियोजन भएको रकमबाट भूक्तानी गर्ने निर्णय गरियो ।

नं. ५. कार्यालय प्रयोजनको लागी कन्टिजेन्सी सिर्षकबाट शिलबन्दि वोलपत्र द्वारा खरिद गरिएका यामाहा कम्पनीका ५ थान मोटर साइकल खरिदको खर्च समर्थन गर्ने निर्णय गरियो ।